# नेपालगञ्ज राजपत्र

## नेपालगञ्ज उप-महानगरपालिकाद्वारा प्रकाशित

**खण्ड ०८), नेपालगञ्ज, मंसिर ५ गते २०८१ साल (संख्या ८०**

नेपालगञ्ज उप-महानगरपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि,
२०७५ लाई संशोधन गर्न बनेको कार्यविधि, २०८१ (दोस्रो संशोधन)
नगर कार्यपालिकाबाट स्वीकृत मिति २०८१/५/२७

**प्रस्तावनाः**

नेपालगञ्ज उप-महानगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ लाई समसामयिक सुधार गर्न उक्त कार्यविधिलाई संशोधन गर्न वाञ्छनीय भएकाले, नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको मिति २०८१/०५/२७ को बैठकले नेपालगञ्ज उप-महानगरपालिकाको नगरप्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा २४ को अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "नेपालगञ्ज उप-महानगरपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि २०८१" रहेको छ।

ख. यो कार्यविधि राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

२. **कार्यविधिको दफा ५**(२) मा साविकको वाक्य हटाई नेपालगञ्ज उप-महानगरपालिकको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन, २०८० मा व्यवस्था भए बमोजिम निम्नानुसारको वाक्य राखिएको :-

"(२) नगर प्रहरी निरीक्षकको कमाण्डमा २१ जना सम्मको नेपालगञ्ज उप-महानगर पालिकाका नगर प्रहरीका पदहरु निम्न बमोजिम हुनेछन।

क) नगर प्रहरी निरीक्षक - १ जना

ख) नगर प्रहरी नायब निरीक्षक - १ जना

ग) नगर प्रहरी सहायक निरीक्षक - २ जना

घ) नगर प्रहरी हवल्दार - ४ जना

ङ) नगर प्रहरी जवान - १३ जना"

३. **कार्यविधिको दफा** ११(१) **क**. को उमेर, खण्डमा साविकको वाक्य हटाई निम्नानुसारको वाक्य राखिएको :-

"दरखास्त बुझाउने अन्तिम म्याद सम्म १८ वर्ष पूरा भई ३० वर्ष ननाघेको।"

४. **कार्यविधिको दफा** ११(१) **ख**. पछि तपसिल बमोजिम (ख)१ थप गरिएको :-

"(ख) १ नगर प्रहरी नायव निरीक्षकः

उमेर : दरखास्त बुझाउने समयसम्म सेवानिवृत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी कर्मचारी ४५ बर्ष ननाघेको।

शिक्षा : कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको।"

५. **कार्यविधिको दफा** ११(११) मा तपसिल अनुसार संशोधन गरिएको :-

"११) नगर प्रहरी निरीक्षक र नगर प्रहरी नायव निरीक्षकको पदमा आवेदन दिने आवेदक अनिवार्य सेवानिवृत भएको हुनुपर्नेछ, सेवामा रहँदा कम्तीमा प्रहरी सहायक निरीक्षक वा सो सरह पदमा काम गरेको अनुभव भएको, प्रचलित कानून बमोजिम अयोग्य नभएको।"

६. **कार्यविधिको दफा ११ को उपदफा** १२ खारेज गरिएको।

आज्ञाले
ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत
नेपालगञ्ज उप-महानगरपालिका
ईति सम्वत २०८१/०८/०५ गते बुधबार